हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : १५८ पृष्ठ : ४ २०७७ पुस २५ गते शनिबार (Saturday 09 January 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६

जे.डी.

स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर

लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

## लहानमा डिएसपी थापाको एकवर्ष 'के के गरे'

**लहान ।** पछिल्लो पटकको नेपाल प्रहरीको नियमित सरूवामा इलाका प्रहरी कार्यालय लहानका डिएसपी शरत थापा क्षेत्री पनि परेका छन् । नियमित सरूवाको एकवर्षे कार्यकालमा उनी पनि परेका हुन् । यो स्वाभाविक र प्रक्रियागत पनि हो ।

अहिले चौक चौरहा र विशेषगरी राजनीति वृतमा उनको चर्चा चुलिएको छ । चिया गफदेखि चौकचौरहामा उनी कसैका लागि कहिले कुन दिन ?

भनिन्छ, तराई–मधेस प्रहरी कार्यालयहरूमा मुद्दा धेरै आउने गर्छन् । केही वास्तविक त केही रिसिइबी साध्ने प्रवृत्तिले आउँछ । जसमा नेताहरू भाजो हाल्छन् । भोटको राजनिति गर्न थाल्छन् । प्रहरीलाई उपयोग गरी जनतलाई मुद्दाका नाममा तर्साउने धम्काउने गर्छन् । अधिकारकर्मी राजकुमार राउत कुर्मी भन्छन्, 'डिएसपी थापा राजनीति दलको नेताको चपेटामा पर्नुभन्दा परै हुनुहुन्थ्यो । उनी जनताको वास्तविक घटनामा अग्रसर भएर अनुसन्धान बढाउथ्यो । अन्याय कसैलाई पार्ने काम गर्दैन्थ्यो ।' उनका अनुसार घटनाहरूलाई कानुनी दायरामा रहेर भुमिका निभाएको छ ।





इप्रका लहानमा आर्थिक वर्ष २०७६/०७७ मा २४९ वटा विभिन्न प्रकृतिका मुद्दा दर्ता भएका छन् । जसमध्ये १६९ वटा फर्स्यौट भएका छन् । अधिकांश मुद्दा डिएसपी थापाकै पालामा टुंगो लागेको छ । उनी लहानमा ०७६ पुस १५ गतेदेखि आएका थिए । चालु आर्थिक वर्ष ०७७/०७८को हालसम्ममा ११५ वटा मुद्दा दर्ता भएको जसमा ५० वटा फर्स्यौट भएको छ । चालु आवमा लागुऔषधको ४९ वटा मुद्दामा ६१ ज्ना प्रतिवादीहरूलाई पक्राउ गरेका छन् । उनीहरूको साथबाट ११८ किलो गाँजा, ५१३ ग्राम ब्राउन सुगर, २०० मिलिग्राम सेतो हिरोइन, १४०७ नाइट्रोभेट ट्याब्लेट, १९३१ फेनारगन, २८० बोतल डाइलेक्स डिसिलगायत लागुऔषध बरामद भएको प्रहरीले जनाएको छ ।

भारतबाट भन्सार छली गरी नेपाल भित्रयाइरहेका अवस्थामा आर्थिक वर्ष ०७६/०७७ मा १ करोड ३ लाख ६१ हजार ७७७ रूपैयाँको समान बरामद र १६ जना मानिसलाई नियन्त्रणमा लिई भन्सार कार्यालयमा बुझाइएको थियो । त्यसैगरी

बाँकी ३ पेजमा

## माधव नेपाल आज कर्जन्हा आउँदै

**लहान ।** नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्ष दाबी गरिरहेका पूर्वप्रधानमन्त्री माधव कुमार नेपाल शनिबार सिरहाको कर्जन्हा नगरपालिकामा आउने कार्यक्रम छ । उनी किसान नेता भनेर परिचय बनाएका शहिद जयगोविन्द साहको स्मृति दिवसमा आउन लागेको हुन ।

कर्जन्हाको वस्तीपुर चौकमा रहेको जयगोविन्द साहको शालिकमा माल्र्यापण र श्रद्धाञ्जली सभामा सम्बोधन गर्ने कार्यक्रम रहेको छ । यसैगरी ओली पक्षका कानुन मन्त्री लिलानाथ श्रेष्ठले शुक्रबारै शालिकमा पुगेर माल्र्यापण गरेका छन् । गतवर्ष इश्वर पोखरेल पनि आएका थिए ।

## सिरहामा कहाँ–कहाँ हुँदैछ कांग्रेसको प्रदर्शन

**लहान ।** केन्द्रिय कार्यसमितिको निर्णय अनुसार नेपाली कांग्रेसले शनिबार देशभरि प्रदर्शनमा उत्रेका छन् । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) केपी शर्मा ओली नेतृत्वको सरकारले संविधान विपरित संसद विघटन गरेपछि कांग्रेस आन्दोलित भएका छन् ।

सिरहाका ८ वटै प्रदेशसभा निर्वाचन क्षेत्रमा प्रदर्शन तयारी पुरा भइरहेको कांग्रेस नेताहरूले जनाएको छ । सिरहा क्षेत्र नम्बर १ क लहान बजारमा, ख प्रदेश सभा महेशवारीमा । यसैगरी क्षेत्र नम्बर ३ ख को सदरमुकाम सिरहालगायत ठाउँमा प्रदर्शन गर्ने कार्यक्रम तय भएको छ ।

## सिरहामा ओली समूह कमजोर

**लहान ।** नेपाल कम्युनिस्ट पार्टी (नेकपा) केपी शर्मा ओली नेतृत्वको सरकारले संसद विघटन गरेपछि नेकपा अहिले दुई चिरामा बाडिएका छन् । आधिकारिकताको लागि निर्वाचन आयोगमा दुवैपक्षले दाबी गरेका छन् । ठाउँठाउँमा माधव–प्रचण्ड र ओली दुवै पक्ष कार्यक्रमहरू गरिरहेका छन् । संसद विघटन असंवैधानिक रहेको अधिकांश नेताहरूले बताईरहेका छन् । केन्द्रिय नेता दुई खेमामा बाडिएसँगै जिल्ला तहमा बाँडिएका छन् । अहिले सम्म बाडिएकोमध्ये सिरहामा ओली समूह कमजोर देखिएको छ । १७ स्थानीय तह रहेका सिरहामा १० वटामा नेकपाले जितेका थिए । भने ६ वटा प्रदेशसभा र दुई वटा प्रतिनिधिसभा क्षेत्र जितेका थिए । १० स्थानीय तहमध्ये लहान, सुखिपुर नगरपालिका र नरहा गाउँपालिका गरी ३ वटा स्थानीय तहका प्रमुख, उपप्रमुख मात्रै ओली समुहमा खुलेको नेकपाका नेताहरूले बताएका छन् । यसगैरी माधव–प्रचण्ड समुहमा सखुवानन्कारकट्टि, अर्नामा, औरही गाउँपालिका र धनगढीमाई, गोलबजार, मिर्चैया, कर्जन्हा नगरपालिका छन् । जिल्ला समन्वय समितिका सभापति रामचन्द्र ठाकुर र

बाँकी ३ पेजमा

## सूचना ! सूचना !! सूचना !!!

**नेपाल रेडक्रस सोसाइटी लहान उपशाखा लहान, सिरहाले उपशाखा सभाको बार्षिक साधारण सभाको लागी आबद्ध यशस्कर, बिशिष्ट तथा आजिवन सदस्यहरुलाई अनुरोध छ कि निम्न मिति, समय र स्थानमा सहभागी भई कार्यक्रम सफल पार्न हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।**

**तपसिल**

**मिति : २०७७ पौष २९ गते वुधबार**

**समय : दिउँसो १२:३० बजे देखि**

**स्थान : उपशाखाको सभाहल (लहान अस्पताल कम्पाउण्ड भित्र)**

*आयोजक*

**ने.रे.सो. लहान**

**उपशाखा लहान, सिरहा**





Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229





फ्रेण्डस मोडेल हसिपटल, लहान-४

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू

बालरोग विशेषज्ञ — डा. वृजेन्द्र यादव

मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

# नअस्ताउँने चम्किला तारा 'जयगोविन्द साह'

डा.शामरथ सिंह राई



पञ्चायती अधिनायक व्यवस्था पौराणिक धर्म, जात र जातीय अवस्थामा जकडिएको थियो । यी गुणहरू त पञ्चायती व्यवस्थाका श्रृंगारहरू नै थिए । यी चलनहरू सामाजिक संरचना चलाउन नै आधारशिला त्यसताका थिए । खासमा भन्नुपर्दा सामन्तवादको कसौटी नै भन्नुपर्छ । यस्तै प्रकारले सो चिज, कामकाज, मेलोमेसो भइरहेको थियो । त्यसताका जयगोविन्द साह, जसको आमाको जात क्षेत्री र बाबुको जात साह (तेली) थिए ।

जातीय छेकछाक थियो । उनीहरूको प्रेम कुनै दानवीय काम थिएन् । तर सामन्त शासकले प्रेमको बन्धनलाई सहन सकेन, फलस्वरूप पुरूषलाई जेल उपहार दिइयो । त्यस्तै महिलापनि तल्लो जातसँग विवाह गरेकोले त्यही जेलमा पठाईयो । जेलमा रहदा, बस्दा, प्राकृतिक, शारिरीक नियमले एउटा सानो बालक पैदा भयो । त्यो बच्चा घरमा नजन्मी, चारैतिर ठूल्ठूला दिवालहरू, सेन्ट्रीहरू बीच १९७६ मा जन्म लियो । जेलमैं जन्म लिइएकोले उसको नाम जेलगोविन्द भयो । उसको जेलको नाम जेलबाट जया र गोविन्दको नाउँले अमरत्व प्राप्त भई जयगोविन्द साह हुन गयो । उहाँको नामलाई छुट्टयाएर पढ्दा नै थाहा हुन आउँछ कि जय भनेको 'पवित्र, अक्ष्युण' र गोविन्द भनेको जनताको पीर हटाउने दैवको नाउँ । यो प्रकारले उहाँको नाउँले नै पछिका कस्ता दिन, काम, कर्तव्य ललकार्छ । जन्मेपछि मर्छ नै कटु सत्य हो । तर उहाँको देहवसान हिमाल टाकुरा भैं थियो, छ, रहीरहनेछ । जनताका प्यारा अमर आत्माले २०४६ पौष २५ मा सहादत प्राप्त गरे ।

उहाँको बचपन जेलमा भएको हुनाले कति कष्ट पीडा कारूणिक हुँदो हो । अभावै अभाव हिड्नुपर्ने, नहिडन पर्ने बाटो ती कमलो पैतालाले कति दर्द, चोट खप्न पऱ्यो होला । सम्झदा भित्र मन दुख्छ । त्यसबखत बेलामा शोषक समाजका परिस्थिती थिए । पल पलमा संघर्ष, अभावको खातिर होस संघर्ष गर्नुपऱ्यो होला । धन्य साहस । विज्ञानमा जे पनि ध्वस्त होस भन्छ, पानी उडेर बाफ बन्छ, हिलोमा कमल फुल्छ, करोडौं कोइलामा हिरा हुन्छ अनि साना टुक्रो अटम बन्छ । उनीहरूको परिवर्तनले संसारलाई नयाँ मिर्मिरे आशा, भरोसा जगाई दिन्छ ।

त्यस्तै यी सबै सामन्तका निर्दयी थिचोमिचोले उहाँका दमित मन एउटा लडाकु आगो बन्यो, जो सर्वदा लालकिरण भई सामन्तको जरा उखाल्न गरिब, किसानको लागि मिर्मिरे बन्ने निधो गरे । ३६ वर्षसम्म कहिले नढाकिने, अविरल भैं किसानको मुक्ति संघर्षमा लागि रहे । जीवन सर्वहारा मुक्तिको लागि नौछावर गरे । वर्ग संघर्षका नकर्मी, सिकर्मी, डकर्मीका पर्यावाची उहाँ हुनुहुन्थ्यो । थाहापाउने सालै गोली हान्ने पञ्चायतीतन्त्रका अदभूत क्रान्तिहरू सामन्तका विरूद्धमा सञ्चालन गर्नुभएका थिए । नेतामा अदभूत भनेको गुण, सर्वहारा वा किसान वर्गका दुश्मन को को हुन, जान्नुहुन्थ्यो । वर्ग संघर्षका रणनीति, कार्यनीतिका शिल्पकार हुनुहुन्थ्यो ।

ज-जसलाई भेट हुन्थ्यो, सादा जीवन, गाउँले पहिरण (हाफ कमिज), धोती, गर्दनमा गम्छा किसानी बोलीले सर्बदा सम्झी राखिने बनाईदिनु हुन्थ्यो । यो अचम्मको दार्शनिक गुण थियो, उहाँमा । भन्नुपर्दा किसानका इन्च इन्चमा असफलता नखाने योद्धा हुनुहुन्थ्यो, उहाँ । टेस्ट परीक्षा दिएर गरिब, किसानका दु :खमा लड्ने, सूर्यको किरण भैं फरफराई रहेका व्यक्तित्वलाई भेट गरू गरू लाग्यो । सायद २०२७ सालतिर भेट भयो । एक्कासी मध्यम खालको किसान जस्तै पोशाकमा हँसिलो अनुहार, भरोसाको सागर, न डर, न संकोच भएका व्यक्तिसँग भेट हुँदा म अवाक भए । जनताका महान नेता कामरेड जयगोविन्द । हतपत दर्शन गर्न पाउँदा, नमस्कार गर्न बिर्सेछु । मेरा दुइटा नयनहरू माथि तल, माथि तल, दायाँ बायाँ हेर्दै रहेछ । आस्थाका नजरमा सबैलाई मुक्ती दिने दाता र मुक्ति दिलाउँछु भन्ने जस्तो लाग्यो । त्यसपछि उहाँको विचारले मेरो हृदयमा घर बसाएको थाहा नै पाएन । संघर्षशील व्यक्तित्वको प्रति श्रद्धासुमन ।

# लोक–नायक सलहेस

एक समयमे दनुवारवंशीय राजा कुलेश्वर सिंह हेइत छलाह । हुनक राजधानी पकडियागढ छल । ई गढ एखन सिरहा जिलाक लहान नगरपालिका–१८ बासाजोडीमे पडैत अछि । ओकरेलगमे अमही गाम अछि । एखन एहि गाममे दनुवारसभक बसोबास अछि । राजा कुलेश्वर सिंहक कालखण्ड १६ हम शताब्दिदिसि पाओल गेल अछि ।

राजा गिरीनारायण पुरादित्य सिंहक राज्य अवसान पश्चात राजा कुलेश्वर सिंह पकडियागढ राज्यक स्थापना कएने छलथि । राजा पुरादित्य सिंहक दरबारमे महाकवि विद्यापति, लखिमा रानी एवं दरबारिया कवि एकहिसँग समय बितौलन्हि । राजा शिव सिंह ओइनबार वंशीय छलथि । बनौली प्रवासकलमे महाकवि विद्यापति अनेको किताबक रचना कएने छलथि । किताबमे १४ हम शताब्दि उल्लेख कएल गेल अछि । लोक–नायक सलहेसक शरीर सुडौ छलन्हि । सलहेस अपना समयक कुशल पहलवान छलाह । राजा पुरादित्य आ राजा शिव सिंहबीच घनिष्ठ मित्रता छलन्हि । महाकवि विद्यापति हिव सिंहक दरबारिया कवि तथा प्रधानमन्त्री एवं परम मित्र छलथि ।

**सलहेसक पारिवारिक सदस्यसभ**

पिता : सुरमा, उपनाम : सुमन
माता : मन्दोदरी

**सुरमाक तिनटा बेटा**

(१) सलहेस (२) मोतीराम (३) बुधेश्वर

**सलहेसक पत्नी** : सती माजरी, उपनाम : सीता माजरी, सीता माजरी राजा विरटक बटी छली । अखनो बलाटपुर नामक गाम अछि । ओ गाम भारतक बासोपट्टीक नजदिक अवस्थित अछि । बलाटपुरमे राजबासक डिह अछि जे आब माटिमे विलिन भऽ गेल अछि । प्रत्येक वर्ष एकबेर एहिठाम मेला लागल कैरत अछि । ओहिठाम छोपहा चौरी अछि जेकर उल्लेख सलहेस गाथामे कएल गेल अछि । राजा सैनीआ बनसपतियाबीच प्रेमक अदलाबदली भेल । राजा सैनी कोचविया सत खोलीयाक राजा छलाह । एखन ई स्थान कटारी बजारक नजदिक पडैत अछि जे उदयपुर जिलामे रहल अछि । अहिठाम कमला, ताउ, वैजनीक सङ्गम स्थल अछि । एखनधरि प्रत्यक वर्ष ओहिठाम त्रिवेणी मेला लागल करैत अछि ।

**सलहेसक जन्मस्थल**

अखन राजपुर राजोखैर नहरा आदि गामसबमे राजबास डिहसब अछि । छोट–छोट राजासभ एहि गामसबमे होइत छल । उएह राज्यमे लोकनायक सलहेसक जन्म भेल अछि । ओहि समयमे सिरहा, बेलहा, मैसोथा नामक गामसब नहि छल । कालान्तरमे जा कऽ गामसबहक नाम परिवर्तन भऽ गेलाबाद इ नाम पडिगेल । मैसोथा लोकनायक सलहेसक जन्मस्थान अछि ।

लोक–नाचक नचनियासभ जे गीतमे गायल कैरत छथि, अभिनयद्वारा जे प्रस्तुत कएल करैत छथि ई सत्य नहि अछि । सलहेसक सहि जन्मस्थान राजपुर रजोखैरमे अखनतक रहल जाइछ सब भग्नावशेया अवस्थामे अछि ।

**सलहेसक समकालीन पहलमानसभ**

(१) सलहेस (२) चूहडमल (३) नारायण दत्त (४) बज्रा (५) सोवरना

सलहेस पकडिया गढक राजा कुलेश्वर सिंहक चौकिदार छलथि । चौकिदार छलथि । चौकिदारक अर्थ होइत अछि सर्वोच्च कमाण्डर । राजा कुलेश्वर सिंहक बेटी चन्द्रावती छलीह । परम सुन्दरी ओ छलीह । ओ तन्त्र–मन्त्र विद्यामे सेहो निपूण छलीह । प्रसिद्ध जादुगरनी चन्द्रावतीक इच्छा छलन्हि सलहेससँग विवाह करबाक । चन्द्रावती अपन मायसमक्ष सेहो अपन ई इच्छा प्रकट कएने छलीह । एम्हर राजा विराटक बेटी सती माञ्जरी आ सलहेसकबीच वैवाहिक प्रसङ्ग सम्बन्धमे आकर्षण–विकर्षणके गति तीव्र छल । राजा विराट एकटा बडका कुश्तीक आयोजन कएलथि । बज्राके कुश्तीमे हराबऽबलासँग अपन बेटीक विवाह करेबाक राजा विराटक प्रतिज्ञा छलन्हि । एहि कुश्तीमे अनेको पहलमानसध सशभागि भेलथि । सलहेस आ बज्राबीच सेहो कुश्ती भेल । जाहिमे सलहेस बाजी मारऽमे सफल भेलथि । एहिप्रकार सलहेस आ सती माञ्जरीबीच विवाह भेल ।

**चूहडमल आ सलहेसक प्रथम युद्ध**

चूहडमल पकडिया गढपर आक्रमण करबाक योजना बनौलन्हि । चूहडमल अपन हसेरीसहित पकडिय गढपर आक्रमण कएलन्हि । अपन जत्थाकसँग सलहेस सेहो प्रति–आक्रमण कएलथि । दुनू जत्थाबीच घमासान युद्ध भेल अन्ततः युद्धमे चूहडमलकैं पराजय हाथ लागल ।

ओहि समयमे नियम छल दुनू हसेरीक पूमुखबष्च मल्लयुद्ध होइत छल , जेकर मुखिया जितैत छल ओ विजयी होइत छल चस्हडमल अपन लडाइक प्रस्ताव आ शर्त आगाँ बढौलक , ओ सलहेससँ कहलथि "हम यदि पराजित हएब तखन मात्र तोहर दुसाध जातिमे पूजा अर्चना हेतौ ।" एम्हर सलहेस सेहो कहलथि "हम यदि पराजित हएब तखन पकडिया राज्य तोरा दऽ देबौ ।" सलहेस आ चुहडमलके एक दोसरक प्रस्ताव आ चुनौति स्वीकार भेल । दुनू गोटेबीच घमासान युद्ध भेल । अन्तत : सलहेस चुहडमलके कुश्तीमे पराजित कऽ देलथि । अखनो दुसाध जातिक टोला मोहल्लामे सलहेसक गहवर अछि । जाहिमे प्रत्येक वर्ष एकबेर दुसाध जातिसब पूजा कएल करैत अछि । ई युद्धक प्रतिफल छैक ।

**दोसर युद्ध**

प्रत्यक्ष रूपसँ चूहडमल सलहेससँ पराजित भेलाक बाद ओ गोप्य योजना बनाबऽ लागल । चुहडमल चन्द्रावतीक अपहरण करबाक आ राज्यक सम्पदा लुटवाक योजना बनाबऽ लागल । चूहडमल चोरी निपूर्ण छल । प्रत्यक्ष लडाइमे चुहडमल पराजित भेलाक बाद चोरीक सहारा लेबाक निर्णय कएलक । चूहडमल मुकामाघाटसँ पकडिया गढधरि सुरूङ्ग खनि कऽ चोरीक आधार तैयार कएलक । एहिना ओ अपन जत्था सेहो तैयार कएलक । सलहेस पकडियागढक पहरेदार छलाह । हुनके समयमे चन्द्रवतीक अपहरण करबाक सँगहि खजाना लुटऽमे सेहो सफल रहल । महल जाइत अछि चन्द्रावतीके पलङ्गसहित सुरङ्गक रास्ताके माध्यमसँ अपहरण कएल गेल छल । सलहेसके सेहो एहि बातक पता चलल । सलहेस कुशलतापूर्वक चूहडमेलके पकड लन्हि । तहिन चन्द्रावतीकैँ अपहरणमुक्त सेहो करौलन्हि । फलस्वरूप चूहडमल आ सलहेसबीच घमासान युद्ध भेल । ओ लडाइबला स्थान एखन चोहडबा चौकमे पडैत अछि । निजगढक नजदिकमे ई चौक परैत अछि । चूहडमल दुसाध जातिक जायक छल । ओ सलहेसके चोरीक आरोपमे फसाबऽमे सफल रहल । राजा कुलेश्वर सलहेसके बन्दगृहमे रखबाक आदेश देलन्हि । सलहेसके शारीसिक आ मानसिक यातना देल गेल । हुनकालेल ई समय बहुत कष्टकर बितल ।

दिना मालिन राजासमक्ष अनुनय-विनय कएलाकबाद सलहेसके राजा माफ कऽ देलन्हि ।

**फूलबाडी मेला**

राजा कुलेश्वर सिंह अपना समयमे फूलबाडीक संरक्षण आ सम्वर्द्धन करौलन्हि । एहि फूलबाडीक रेखदेख सलहेस करैत छलथि । एहि फूलबाडीकैं कुश्तीक अड्डा सेहो बनाओल गेल । जेकर नाम सिलहट अखाडा राखल गेल ।

**पूजाक महत्वमे व्यवस्थापन**

जुडशितल वा वैशाखी पावनि मिथिलामे बहुत बेसी प्रचलित अछि । दनुवार जातिक प्रमुख पावनि जुडशीतल अछि । ई पावनि प्रत्यक वर्षक वैशाख एक गतेदिसि मनाओल जाइत अछि । ओहिदिन दनुवार जातिसभ अपना घरमे रहल हतियार साफ कऽ शिकार खेलल करैत छथि । एहिना माटि- पानिसँ सेहो खेलैत छथि । प्रत्यक घरमे विभिन्न प्रकारक परिकारसब बनाओल जाइत अछि । नेपाल सरकार एहि पावनिकैं राष्ट्रिय पावनिके रूपमे मान्यता देने अछि ।

**पूजा विधि**

सर्वप्रथम पूजारी प्रत्येक देवी–देवताक आह्वान करैत अछि । फूल, अक्षत, चन्दन, धूप, दीप, दूध, पान, सुपारी, प्रसाद अदि , पूजा सामग्री मिला कऽ पूजा–अर्चना कएल जाइत अछि । जाहिक बाद वलि सेहो चढाओल जाइत अछि ।

प्रथम पूजा कुलेश्वरके होइत अछि, ताहिपरसँ सलहेसक पूजा होइत अछि । तत्पश्चात सभ देवीदेवताक पूजा कएल जाइत अछि ।

**फूलबाडीक बनौट**

फूलबाडीक परिसर लगभग २५ विघामे पसरल अछि । फूलबाडीक गोलाकार अछि । एहि फूलबाडीमे रहल फूलसबकैं एखनधरि पहिचान नहि कएल जा सकल अछि ।

गाछक पहिचानक लेल बडका–बडका आयुर्वेदक ज्ञातासभ फूलबाडी देखऽ एलथि । हुनकासभसँगे हमहुँ रही । अन्ततः हुनकसभक बाजब रहल "हमसभ एकहुटा गाछ चिन्हऽमे असमर्थ छी मुदा ई सब गाछ फूलक हएक अनुमान कएल अनुमान कएल जा सकैत अछि । ई गाछसभ ६ सयसँ लऽ कऽ ७ सय वर्ष पुरान भऽ सकैत अछि ।"

२०४८ सालमे बीरमणी ढकाल तत्कालीन राष्ट्रिय सभाक सदस्य छलथि हम निचला सदन अर्थात् प्रतिनिधि सभाक निर्वाचित सदस्य छलौं । हमरा दुनू गोटेबीच फूलबाडी सम्बन्धमे बेर–बेर चर्चा होइत छल । हुनकासमक्ष हम विशेषज्ञसभ लऽ कऽ फूलबाडी घुमबाक प्रस्ताव रखलौं । बन विशेज्ञसभ सँग अवलोकन कएलाक बादो ओसभ ई गाछके पहिचान करबामे असमर्थ रहलाह। अपन ई कमजोरी नुकाबऽलए हमरा चुपचाप रहबाक आग्रह कएलथि । फूलबाडीक वृक्ष अन्य वृक्षसबहक तुलनामे किछु वेसिये हरियर अछि । अन्य फूलबाडीक तुलनामे ई फूलबाडी पृथक अछि । फूलबाडीक भितर विभिन्न स्थानमे पानिक मूल फूटल अछि । ओहि मूलसँ दिनराति पानि निरन्तर निकलैत रहैत अछि । इएह कारण फूलबाडीभीतर सेहो नदि बनिगेल अछि । फूलबाडीक पानिके व्यवस्थित कएल गेल तऽ १०टा गाविस सिचाइसँ लाभान्वित हएत । अखन फूलबाडी चिरइ चुनमुन, भूतप्रेत, भूमिगत जनावरसबहक वासस्थान बनल अछि पहिने–पहिनेके समयमे बाघ, हाती, घोडासहितक जंगली जानावरसबहक आवाज सुनबामे अबैत छल । फूलबाडीक बीचमे हाथीपर सवार सलहेसक पूर्ति स्थापित अछि तऽ बगलमे मोतीराम आ बुधेश्वरके मुर्ति घोडापर सवार

बाँकी ४ पेजमा

# आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- दबाब र तनाव बढेको महसुस हुनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । सन्तानपक्षको मायामा कमी आउनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ ।

**वृष** :- शुभकार्यको चर्चा चल्नेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ ।

**मिथुन**:- लामो समयदेखि रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । स्वास्थ्यपनि सबल नै रहनेछ ।

**कर्कट** :- परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ ।

**सिंह**:- धार्मिक र सांस्कृतिक समारोहमा सरिक हुने सम्भावना छ । जग्गाजमिनको कारोबारबाट राम्रो फाईदा हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**कन्या** :- आज विशिष्ट व्यक्तित्वसँग भेटघाट हुनेछ । मन पर्ने वस्त्र, अलंकार आदि पाइने योग छ । जटिल ठानिएको कामसमेत सम्पादन हुनसक्छ ।

**तुला** :- एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवार जनको साथले नयाँ आशा पलाउनेछ ।

**वृश्चिक** :- आज लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन । मित्रताको बन्धन कसिने समय छ । नोकरी गर्नेले मानसम्मान पाउने छन् ।

**धनु** :- जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । दबाब र तनाव बढेको महसुस हुनेछ । व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । कार्य सम्पादनमा समस्या आउला ।

**मकर**:- तर्क, विवाद र प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**कुम्भ**:- आज नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला । रोकिएका काम पुनः सुरू हुन सक्छन् ।

**मिन** :- रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । आर्थिक र व्यवसायिक समस्या समाधान हुनेछन् । शत्रु पनि क्षय होलान् ।

# हाम्रो प्रतिस्पर्धामय जीवन

## सरोकार

अम्बराज मिश्र



यो प्रतिस्पर्धा भन्ने शब्द नै एकले अर्कालाई उछिन्ने हरेक कार्यको होड्बाजी हो । जसले गर्दा मानिसमा प्रगतीपथको उदायमान हुने गर्दछ ।

मानिस जन्मे देखि मरणोप्रान्त सम्म दाजु भाउजू, भाइ बुहारी, दिदी भिनाजु, बहिनी ज्वाई, काका काकी, ठुलो बुवा ठुलो आमा, ज्वाइँ चेला, ससुराली देखि छिमेकी, समाज, पहाडीया, मधेसी, बाहुन क्षेत्री, मतवाली, जनजाती, दलित, दल, गुरू वर्ग, चेला, विद्यार्थी, उधोगपतीहरू, ब्यापारी, खेती किसानीहरू देखि राजनिति गर्नेहरू सम्म पनि आ–आफ्नो क्षेत्रगत स्वस्थ प्रतिस्पर्धा भई जगतमा उज्यालो छर्न सक्नु नै प्रतिस्पर्धाको अर्थ झल्काउनु तपाई हाम्रो कर्तव्य ठहर्छ । स्वस्थ प्रतिस्पर्धामा अरूलाई कुनै किसिमको हानी नोक्सानी नगरिकनै हुने स्वस्थ प्रतिस्पर्धा नै लोक कल्याणकारी ठहर्दछ । त्यस्तो प्रतिस्पर्धालाई घर, परिवार, समाज, सरकार, वैदेशिक संस्थाहरूले पनि विशेष मूल्यांकनमा राखेको हुन्छ ।

स्वस्थ्य पतिस्पर्धा जस्तै : पढाईमा प्रथम गर्नु वा अरूलाई उछिनेर अघि बढ्नु, जागिरको परीक्षामा सफल भई स्थापित हुनु, सम्पत्ती कमाउदाँ सरकार वा व्यक्तीलाई थिचोमिचो नगरी कमाईने सम्पत्तीलाई स्वस्थ सम्पत्ती भनिने गर्दछ । खेती तर्फ उत्कृष्ट तथा परिणात्मक उत्पादन गरेर देखाउनु, व्यापार तर्फ अत्याधिक मूल्य नलिई सेवा दिई कमाईने ब्यापार, चुनाव ताका संकल्प गरेको घोषणा पत्र अनुसारको कार्य गरेर जनताको सेवा पुर्‍याउने खालका नबिर्सिने राजनितिलाई स्वस्थ्य प्रतिस्पर्धा मानिने गर्दछ । तर, आज हाम्रो समाजमा स्वस्थ्य भन्दा पनि अस्वस्थ प्रतिस्पर्धाले जरो गाडेको पाइन्छ । आफ्नो क्षमता भन्दा बढी औकात देखाउनाले आफ्नै जीवनमा विभिन्न किसिमका अप्ठ्याराहरू ब्यहोर्नु परेको छ । अरूले घोडामा चढे आफू हात्तीमा चढ्ने प्रबृत्ती देखिन्छ । कोही हात्तीमा चढे आफू घरको धुरीमा चढेर देखाउने चलनले प्राथमिकता पाएको छ ।

धन कमाएर देखाउने प्रतिस्पर्धाले कालेधन कमाउन सम्म तल्लीन छन र अख्तियार सम्म पुग्दैछन, मिठो खाएर देखाउने प्रतिस्पर्धामा समाजलाई नै अपाच्य हुने खाना खाएर बहुलाउने चलन छ , आधुनिक कपडा लगाएर देखाउने प्रतिस्पर्धाले समाजलाई नै लाजशरम लाग्ने अँग प्रदर्शन हुने खालका कपडाले संस्कृतीलाई नै बिगारिरहेको छ । सवारी साधन चलाउने प्रतिस्पर्धाले क्षमता भन्दा बढि कर्जा लिएर औकात प्रदर्शन गर्दै समाजमा अराजक देखिएको छ र अकल्पनिय दुर्घटनाहरू निम्त्याईएको छ । गरेर देखाउने भन्दा पनि देखाएरै छाड्ने होड छ, चाहिदो भन्दा नचाहिदो प्रतिस्पर्धाले समाज पूरै आक्रान्त छ । प्रतिस्पर्धा यस्तो गरौ कि अरूले नसकेको आफूले गरेर घर परिवार समाज र राष्ट्रलाई दिन सकियोस, पद अनुसारको उत्कृष्ट कार्य पस्कन सकौं, अरूले थपेको ईटामा आफुले एक ईटा भए पनि थप्न सकियोस त्यस्ता खाले प्रतिस्पर्धा गर्ने गरौं ।

प्रतिस्पर्धाको अर्थ अरूलाई अप्ठ्यारोमा पारेर, अरूको कूभलो चिताएर, अरूको सत्यानाश गरेर, अरूको बेईज्जत गरेर गरिने व्यवहारलाई प्रतिस्पर्धा नभनि कुलँघार, अभद्र, अबसरवादी जस्ता उपाधिले सुशोभित हुन्छन, त्यस्ताहरूलाई हाम्रो नेपाली समाजले रूचाएको हुँदैन र त्यस्तालाई समाजको कलंकको रूपमा लिईन्छ, जस्ले गर्दा त्यस्ता कलंकीतहरू आजीवन यो पृथ्विमा तड्पेर बस्नु पर्ने हुन्छ । यी भए मानव –मानव बिचको माखेसाँङ्लो प्रतिस्पर्धात्मक समीक्षा ।

अब मानवकै हितकारी प्रतिस्पर्धाका कुरा अर्थात समिक्षात्मक टिप्पणीहरू : मानिसले मानिसकै लागि दीर्घ जीवन बाँच्न पाउने खाधान्न, औषधि, मल, सब्जि, उपभोग्य पदार्थहरूको उत्पादन र त्यसको उपयोगिताको वारेमा जनतामा सजग गराई दिनु पर्ने दायित्व बोक्ने सरकार नै कहि कतै हिड्न नजानेको हो भैं लाग्दछ ।

बजारमा हिजो आज अखाध पदार्थहरूको बिगविगि छ, जसले जनताहरू अकाल मृत्युसँग जुध्नु परिरहेको छ । विभिन्न किसिमका रोग ब्याधिले जनताहरू छट्पटाईरहेका छन, त्यस्को सहि उपचार नपाएर ठुलो धन राशी खर्च भईरहेको छ । स्वस्थ प्रतिस्पर्दाको लागि विकासे प्रस्तावहरू, मानव स्वास्थको लागि खाधान्नहरू उत्पादन, औषधि उपचारहरू ब्यवस्थापन, फोहोर ब्यवस्थापन, बृक्षारोपण गरि पर्यावरणीय ( वातावरणीय) सन्तुलन, भू(क्षय रोकथाम, प्रदुषण रहित समाजको परिकल्पना जस्ता कार्यहरू अनुसन्धान र व्यवस्थापनको खाँचोको महशुस गरिनु पर्ने भएको छ । त्यसका लागि अस्वस्थ प्रतिस्पर्दाहरू छाडेर सबै दल र तिनका सहयोगीहरू साथै बौध्दिक बर्ग , बैज्ञानीकहरू, अनुसन्धानकर्ताहरू समेतले मिलेर सरकारसँग हातेमालो गरेर मानव हितमा लाग्न अति जरूरी देखिएको छ । नत्र, एक अर्काले अर्कैलाई दोष दिएर पन्छिन खोज्दै हिडे मानवकै उपहास हुनेछ । कालान्तरमा सन्ततीले हामीलाई नै दोष दिने छन । **अस्तु** ।

## लहानमा ...

चालु आवमा २७ लाख ७८ हजार ३३४ रूपैयाँको बराबरको सरसमान र ३ जनालाई भन्सार पठाएको छ । उनी आफ्नो एकवर्षे कार्यकालमा १७ जना फरार प्रतिवादीलाई पक्राउ गरेका छन् । उनीहरूबाट ४ लाख २६ हजार ७७३ रूपैयाँ रूपैयाँ राजश्व असुलउपर भएको छ । यसैगरी लहान प्रहरीले उनको कार्यकालमा ४ विघा १३ कठ्ठा जग्गाको २७ हजार ७९० वोट गाँजा फडानी गरेको छ । प्रहरीका अनुसार चालु आव ०७७/०७८ को हालसम्ममा घरेलु मदिराको कच्चा पदार्थ ३२ हजार ८८९ लिटर, तयारी मदिरा १० हजार ६४० लिटर, १८९ वटा मदिरा बनाउने भाडाकुडा र २ वटा मेसिन बरामद गरी नष्ट गरेका छन् । अवैध रूपमा गिट्टी बालुवा उत्खन्न नियन्त्रण गर्न ४९ वटा ट्याक्टर कारवाहीका लागि लहान नगरपालिकामा बुझाएको थियो । जसबाट २ लाख ४५ हजार राजश्व असुली भएको छ ।

प्रहरी चौकीहरूमा थप काम

लहानको नगर प्रहरी सडक विभागको एउटा कोठामा सिमित थिए । सैनिकले आफ्नो ब्यारेक हटायो । त्यही ब्यारेक अब प्रहरी बस्न व्यवस्था मिलाउन डिएसपी थापाले पहल थाले । अहिले सरकारको अधिकारिक निकायहरूको काम सकेर १ विघा ५ कठ्ठा ६ धुर जग्गा प्रहरीको नाममा आएका छन् ।

यसैगरी, पक्की टोल प्रहरी चौकीका लागि नयाँ पक्की घर निर्माणाधिन अवस्थामा छ । धनगढीमाई नगरपालिका १२ विष्णुपुरकट्टिका प्रहरी चौकीका लागि पनि ५ कठ्ठा जग्गा बाटोसहित प्राप्त गरेका छन् । त्यसैगरी पहिलेको जग्गामा ४ धुर थपेर भगवानपुर गाउँपालिकाको ठाडी प्रहरी चौकीमा काम अगाडी बढाइएको छ । लहान बजारमा शान्ति सुरक्षा कायम गर्न ठाउँठाउँमा सिसिटिभी जडान गराइएको छ । डिएसपी थापाका अनुसार आफुले कानुनी परिधिभित्र रहेर कामहरू गरेका छौँ । सेवाग्राहीहरूले यसको मुल्याकंन गर्नेछन् ।

## सिरहामा ओली ...

उपसभापति सरोज यादव पनि नेपाल समुहमा रहेको एक नेकपा नेताले दाबी गरेका छन् । ६ जना निर्वाचित प्रदेशसभामा लगनलाल चौधरी बोहेक ५ जना माधव–प्रचण्ड समुहमा छन् । जसमा अशोक यादव, मदनसेन श्रीवास्तव, रामकुमार यादव, प्रमोद यादव, दिलिप साह त्यसैगरी प्रदेशसभा समानुपातिक तर्फका जगत यादव र फुलियादेवी सदाय पनि माधव–प्रचण्ड समूहमै रहेको बुझिएको छ । सिरहामा क्षेत्र नम्बर २ र ३ नेकपाले जितेका छन् । प्रतिनिधिसभा क्षेत्र नम्बर २ बाट निर्वाचित सुरेशचन्द्र दास माधव–प्रचण्ड र ३ नम्बर क्षेत्रका लिलानाथ श्रेष्ठ ओली समूहमा लागेका छन् । जिल्लाका ठूला नेताहरूमा गंगाप्रसाद यादव, पूर्व सांसद रामरति राम, रामशंकर यादव, डाक्टर नविन यादव, नरेन्द्रराज पोखरेल (हरि), जया पोखरेललगायत नेता ओलीतिर छन भने पूर्व सांसद धर्मनाथ साह, पूर्वमन्त्री अजयशंकर नायक, पूर्व मन्त्री रामचन्द्र यादव, पूर्व सांसद विश्वनाथ साह, पूर्व सांसद ममता गिरीलगायत माधव–प्रचण्ड पक्षमा रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# वडा सचिवहरुलाई अभिमुखीकरण तालिम

**फिरोज शेख**

**लहान** । लहान नगरपालिका अन्तर्गत २४ वटै वडामा कार्यरत वडासचिवहरूलाई नगरपालिकाको सेवा ईकाई पंजीकरण शाखाले सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सम्बन्धी अभिमुखीकरण तालिम दिइएको छ ।

लहान नगरपालिका अन्तर्गत रहेका २४ वटै वडाका सचिवहरूलाई लहान नगरपालिका सेवा ईकाई पंजीकरण शाखाका कर्मचारीहरूले सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि तालिम दिएका थिए । लहान नगरपालिकाका सूचना अधिकृत संजय कुमार साहको अध्यक्षता तथा लहान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमनन्द भुसालको प्रमुख आतिथ्यता र लहान नगरपालिका प्रशासन शाखा प्रमुख लखनलाल साह, शेख मिडिया हाउस प्रालि तथा रेडियो सरगम ९३ मेगाहर्जका संचालक फिरोज शेखको आतिथ्यतामा तालिम समापन कार्यक्रममा स्रोत र साधनले भ्याए सम्म कार्यलयलाई सेवा मुखी बनाउदै यस क्षेत्रका नगरवासीलाई मुस्कान सहितको सेवा प्रदान गर्नु पर्ने कुरामा वक्ताहरूले जोड दिएका छन् । कार्यक्रममा शुभकामना मन्तव्य राख्दै संचारकर्मी फिरोज शेखले एक्काइसौ शताब्दीमा नागरिकका अपेक्षा सम्बेधनका लागि घरदैलेमा गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गर्दै मुस्कान सहितको सेवा प्रवाह गर्न सहभागी सम्पूर्ण वडा सचिवहरूलाई आग्रह गरेका छन् । प्रशासन शाखा प्रमुख लखनलाल साहले जनताको आकांक्षा बमोजिम सुशासन र विकासको लक्ष्य हासिल गर्न कर्मचारीहरूले परिणाममूखी, जवाफदेही, नवप्रवर्द्धनात्मक, सिर्जनशील, प्रविधिमैत्री, कार्यकुशल, सूचना प्रविधिको अधिकतम उपयोग गर्न सक्षम भए मात्र घर-घरमा स्थानीय सरकार आएको महसुस गर्ने काममा अग्रसर हुन जोड दिएका थिए । प्रमुख अतिथि लहान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमनन्द भुसालले जब सम्म स्थानीयतहका कर्मचारीले जनताको नोकर हुँ भन्ने अनुभूति गरी कार्य गर्दैनन तब सम्म कुनै पनि नगरपालिका समृद्धि तर्फ उन्मुख हुँन नसक्ने बताएका छन् । प्रमुख प्रशासकीय अधिकृत भुसालले आफ्नो कार्य क्षमता बाट मात्र हामीले जनतालाई समृद्ध र सुखी बनाउने लक्ष्य हासिल गर्न सक्ने बताउँदै तसर्थ राष्ट्रसेवकको पहिलो अभिभारा राष्ट्रप्रति समर्पित र जनताको सेवामा कटिवद्ध रहँदै एक्काइसौं शताब्दीका नागरिकको



अपेक्षाको सम्बोधन गर्न घरदैलोमा गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गर्नु पर्ने बताए ।

समयवद्ध, उपलब्ध स्रोत-साधनको पूर्ण सदुपयोग तथा मुस्कान सहितको सेवा अनुभूत गर्न वा मापन गर्न सक्ने गरी उपलब्धि हासिल गर्ने क्षमता भएको प्रशासनिक प्रणाली स्थापित गर्नुपर्नेमा जोड दिंदै उनले सामाजिक सुरक्षा भत्ता वितरणमा देखिएको समस्यालाई चाडै सामाधान गर्न र सबै वडाका सचिवहरूलाई आ(आफ्नो वडाको तथ्यांक सुरक्षित राखन टोकन प्रणाली मार्फत सेवाग्राहीहरूलाई निःस्वार्थ भावनाले सेवा प्रवाह गर्न निर्देशन समेत दिए । कार्यक्रमको अध्यक्षता गरेका लहान नगरपालिकाका सूचना अधिकृत संजय कुमार साहले स्वपनदर्शी राजनीतिक नेतृत्व र व्यवसायिक कौशल, विज्ञता र इमान्दारीले भरिपूर्ण स्थानीय कर्मचारी प्रशासन लोकतन्त्रको जग भएको औल्याए । नेपाली जनताले यस्तै जगमा खडा भएको आदर्श र समग्र लोकतन्त्रको परिकल्पना गरेका छन् । राजनीतिक नेतृत्वले अघि बढाएको रूपान्तरणको अभियानलाई अझ गति प्रदान गर्न रत्तिभर आलश्य नगर्ने, जिम्मेवारीवोध गर्ने र दोषारोपणको संस्कृतिभन्दा माथि उठेको स्थानीयतहका कर्मचारीले मात्र यो परिकल्पनालाई साकार पार्न सक्ने गरी काम गर्न सुचना अधिकृत साहले सहभागी सम्पूर्णमा आग्रह गरे । कार्यक्रममा सहभागीलाई प्रमुख प्रशासकीय अधिकृत भुसालले प्रमाण पत्र वितरण गरेका थिए भने तालिमका प्रशिक्षक विद्यानन्द महतोलाई सम्मान पत्रले सम्मानित गरिएको थियो । अभिमुखीकरण तथा तालिम मिति २०७७ साल पौष १९ गते देखि लिट्टिल स्टार स्कुलको सभा हलमा संचालन भएको थियो ।

## लोक...

अछि । फूलबाडीक बाहरमे पुजारी गहवर बनैने अछि । राजा कुलेश्वर सिंह दनुवारक पूजा स्थान सेहो ओहिठाम अछि । ओहि गहवक परिसरमे सिलहट अखडा अछि । जाहिठाम सलहेस कुश्ती खेल करैत छलाह । सलहेसक गाथामे माजिकदह , पकडियागढ, सिरहा उल्लेख अछि ।

सलहेस मानिकदरहमे जलक्रिडा, जल समाधी करैत छलाह । एहि सबठाम एकहि दिन मेला लगैत अछि । सलहेस मानिक दहमे स्थान करबाक, फूलबाडीकमे फूल तोडबाक, सिरहा, जा कऽ पूजा, कुश्ती खेलबाक काज एकहि दिनमे करैत छलाह । फूलबाडीमे लागऽबला प्रत्येक वर्षक मेलामे हजारौं गोटेको भीड रहैत अछि । फूलबाडीक उत्तरदिसि एकटा बडका गाछ अछि । एहि गाछमे प्रत्येक वर्षक वैशाख १ गते मात्र फूल फुलाइत अछि । आश्चर्यक बात ई अछि जे ओहि गाछमे हारक आकारमे गाछक डाढिक जडिमे फूल फुलाइत अछि । फेरो वैशाख २ गतेसँ फूलक हार झरऽ लगैत अछि । किछु विद्वान, पत्रकारसभ एहि गाछक नामारण हारम कएने छथि तऽ फूलक नाम सुनाखरी रखने छथि । मानिक दह बहुत पुरान दह अछि ।

एहि दहक राजा कुरेश्वर सिंह दनुवार जिर्णोद्धार करौने रहथि । जिर्णोद्धार कार्य सलहेसक रखबारीमे सम्पन्न भेल छल । एहि दहक पानि अतेक स्वच्छ अछि जकर पानि लोकसभ, पशुपन्छीसब पिल करैत अछि । सावेरियोसँ आबऽबाल पन्छी सेहो एहिठाम आएल करैत अछि ।

सलहेस नियमित जलक्रिया करबालए ठीक समयमे ओतऽ आएल करैत छलाह । पहिने-पहिने तऽ एहि दहके कमलक फूल ताथा पुरनीक पात शोभा बढौने छन ।

**दौना मालिन राजाक बेटी छली**

रूपवती दौना मालिन सुन्दरताक खजाना छलीह । दौना मालिन सलहेबि प्रेममे पागल छलीह । दौना मालिन आ सलहेस बीचक प्रथम भेट मानिके दहमे भेल छल । कमल फूलकैं साक्षी राखि कऽ दौना मालिन सलहेससँगक प्रेम प्रसँग आगाँ बढौलथि । मुदा प्रेममे मालिनकैं सफलता प्राप्त नहि भेल ।

दौना मालिन अपन पितासमक्ष पोखरि खुनाबाएक प्रस्ताव रखलथि । जाहि पोखरिक नाम परेवा राखल गेल । पोखरिक शीलान्यासमे मालिनके इच्छाअनुरूप सलहेसकैं आमन्त्रित कएल गेल । शीलान्यारक तिर्थ निश्चित भेल । सलहेसके आमरिन्त्रत कएल गेल । ओहि सँग-सँगे मालिन सेहो अपन योजना पूरा तैयार कएने छलीह । शीलान्यासमे स्नान करऽ परैत अछि । ओहिअनुरूप सलहेस स्नान करऽ लगलथि । हुनकासँगे मालिन सेहो स्नान करऽ लगली । ओहिकबाद मालिन सलहेससँ कहऽ लगलथि-अहाँ हमरा सिन्दूर दान कएने छी । अब तऽहमर वैवाहिक सम्बन्ध स्वीकार करब । सलहेस अहि बातकैं मन्जुरी नहि देलथि । परेवा पोखरि सलहेस-गाथाक प्रमुख स्थान अछि । एखन ई झापा जिलामे पडैत अछि । जे एखन गौरादहक नामसँ प्रख्यात अछि ।

**राज्यक सुव्यवस्थित आ सुशासन कायम कएनाइ**

राजा कुलेश्वर सिंह अपन प्रमुख कर्मचारी। राजनीति, सल्लाहकारसभके बैसार बजौलन्हि । बैसारक उद्देश्य छल राज्यमे सुशासन कायम कएनाइ , बैसारसँ दूटा नीति बनाओल गेल । राष्ट्रिय नीति आ सामाजिक नीति ।

पश्चिम, उत्तर, दक्षिण दिशामे तैनात करौलथि । सामाजिक जनचेतनाक नायक छलाह सलहेस ।

(१) चौहरमल्ल : मोकामाघाट निवासी
(२) सवर्णा : पूर्व महुली नदी
(३) बज्रा : बलाटपुर बासोपट्टी
(४) उत्तरनारायण : कमला नदी बल्टिया

**सलहेस राज्य सञ्चालनक कार्यशैली सोचाह**

सलहेस अपन कार्य कुशलतासँ देशके शान्त बनौलन्हि । हुनक कार्यशैली दू पूकारक छल । सामाजिक नीति आ राष्ट्रिय नीति ।

ओहि समयमे पुरूष प्रधान गाम परिवारसब छल । सलहेसक समयमे जनतासभ अमन-चयनसँ रहऽ लगलथि । राज्यमे सिचाइक बहुत बढिया व्यावस्था बनाओल ।


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)